का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ साउन २०८१,
मंगलबार
6 August, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १७५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# हसिना शासनको अन्त्य




*बंगलादेशमा प्रदर्शनकारीहरुले प्रधानमन्त्री कार्यालय कब्जा गरेर राष्ट्रिय झण्डा फहराउँदै । तस्बिर: के एम असद/एएफपी*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

बंगलादेशमा शेख हसिना नेतृत्वको शासन अन्त्य भएको छ ।

गत महिना सुरु भएको आरक्षणविरोधी आन्दोलनले उग्रता लिएपछि हसिना प्रधानमन्त्रीबाट राजीनामा दिन बाध्य मात्र भइनन् उनी देशै छोडेर भागेकी छन् ।

यसरी सत्ता परिवर्तनका लागि जनता जागे पुग्छ भन्ने ज्वलन्त तथ्य बन्न पुगेको छ, बंगलादेशको राजनीतिक घटनाक्रम । विद्यार्थीहरूको आन्दोलनकै कारण १५ वर्षदेखि एकछत्र सरकारको नेतृत्व रहेकी शेख हसिना देशै छोड्न बाध्य भएकी हुन् ।

सरकारविरोधी आन्दोलनका क्रममा कम्तीमा ९० जनाको मृत्यु भएको भोलिपल्ट ढाकामा हजारौं प्रदर्शनकारीहरूले जुलुस निकाल्न थालेपछि सेनाप्रमुखले राष्ट्रका नाममा सम्बोधन गर्ने सूचना सार्वजनिक भएको थियो । उक्त सम्बोधन नहुँदै प्रधानमन्त्री हसिना देश छोडेर भाग्न बाध्य भइन् ।

हसिना भागिसकेपछि सम्बोधन गरेका बंगलादेशका सेनाप्रमुखले प्रधानमन्त्रीले राजीनामा दिएको र अब नयाँ अन्तरिम सरकार गठन गरिने बताएका हुन् ।

सोमवार बिहानैदेरेखि ढाका विश्वविद्यालय, बंगलादेशी टेलिभिजनको मुख्यालय र मेट्रोरेलसहित राजधानीका विभिन्न स्थानमा सैन्य टोलीहरू परिचालन गरिएको थियो । उच्च सुरक्षा सर्तकताका बाबजुत प्रदर्शनकारीहरू रोकिएनन् ।

हसिना सेनाको हेलिकोप्टरमा चढेर भागेपछि प्रदर्शनकारीहरू उनको सरकारी निवासमै प्रवेश गरे । प्रधानमन्त्रीको सरकारी निवासका सामानहरू प्रदर्शनकारीहरूले बोकेर हिँडका तस्विरहरु सार्वजनिक भएका छन् ।

७६ वर्षीया हसिना २००९ देखि मुलुकमा शासन सत्ताको नेतृत्वमा थिइन् ।

पछिल्लो पटक हसिनाले गत जनवरी ७ मा चौथोपटक लगातार चुनाव जितेर सत्तामा पकड बनाएकी थिइन् । चुनावका बेला चुनावमा विपक्षीलाई चुनावमा भाग नै नलिने वातावरण बनाएकी थिइन् । त्यसको ७ महिना नबित्दै हसिनाले देश नै छाड्नुपरेको हो । योसँगै बंगलादेशमा सबैभन्दा लामो समय सत्ता चलाएकी हसिनाको शासन अन्त्य भएको छ ।

हसिनाले बंगलादेशको आर्थिक उन्नतिमा भने काम गरेको कतिपयको दाबी छ । तर, आर्थिक उन्नतिमा भूमिका खेलेको भाष्यलाई देखाएर राजनीतिक शक्ति केन्द्रिकृत गर्न खोज्दा सत्ताच्युत नै हुनुपरेको हो ।

जानकारहरूका अनुसार सत्ताच्युत भएकी प्रधानमन्त्री हसिना पुन: राजनीतिमा फर्किने सम्भावना नै सकिएको छ । उनका छोरा सजीब वाजेदले समेत आफ्नी आमाको राजनीतिक पुनरागमन नहुने प्रतिक्रिया दिएका छन् ।

बिबिसीले उल्लेख गरे अनुसार वाजेदले अल्पसंख्यक समुदायलाई लक्षित गरी काम गरेको भनेर आरोप लगाएतापनि हसिनाविरूद्ध नै प्रदर्शन भएको देखेर उनी निकै निराश भएकी छन् ।

बंगलादेशमा प्रदर्शन बढ्दै गएपछि हसिनाले आइतबारदेखि नै राजीनामा दिने सोच बनाएकी थिइन् । त्यसो हुन सकेको भए राजनीतिमा पुनरावगमन हुन सक्ने थियो । तर, देश नै छोडेर हिड्नुपरेपछि उनलाई अप्ठ्यारो परेको हो ।

वाजेदले बिबिसीसँग भने अनुसार हसिनाले बंगलादेशलाई परिवर्तन गरेकी छन् । जब उनले बंगलादेशको सत्ता हातमा लिएकी थिइन्, त्यसबेला राज्य असफल हुँदै थियो । बंगलादेश एक गरिब राष्ट्र थियो । वर्तमानमा बंगलादेशलाई विकसित एसियन टाइगरको रूपमा मान्न पृष्ठ २ मा

## नेपाली नाकामा सुरक्षा सतर्कता

बंगलादेशको राजनीतिक घटनाक्रमपछि नेपाली नाकामा समेत सुरक्षा सतर्कता बढाइएको छ ।

गृहमन्त्रालयका अनुसार सशस्त्र प्रहरी बल नेपालले सीमा क्षेत्रमा सतर्कता बढाएको छ ।

कोशी प्रदेश र अन्य सीमा क्षेत्रमा सशस्त्र प्रहरी फौजको समेत संख्या बढाइएको हो ।

सशस्त्र प्रहरी बलका सहप्रवक्ता एवं डिएसपी शैलेन्द्र थापाका अनुसार बंगलादेशमा बढेको तनावसँगै सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलले थप सतर्कता र सुरक्षा बढाएको हो । विशेषगरी कोसी प्रदेश र अन्य सीमा क्षेत्रमा फौजको संख्या समेत बढाइएको छ । सीमा क्षेत्रमा चेकजाँच र गस्ती पट्रोल र निगरानी समेत बढाइएको छ ।

> भारतमा पनि बंगलादेशसँग जोडिएको सीमा क्षेत्रमा सुरक्षा बललाई हाइ अलर्टमा बस्न भारत सरकारले निर्देशन दिएको छ । त्यसपछि नेपालले पनि नाकामा सुरक्षा सतर्कता अपनाएको हो ।

भारतमा पनि बंगलादेशसँग जोडिएको सीमा क्षेत्रमा सुरक्षा बललाई हाइ अलर्टमा बस्न भारत सरकारले निर्देशन दिएको छ । त्यसपछि नेपालले पनि नाकामा सुरक्षा सतर्कता अपनाएको हो ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकलम दाहाल प्रचण्डले बंगलादेशको पछिल्लो घटनाबाट नेपाली शासकहरुले पनि पाठ सिक्नुपर्ने बताएका छन् ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले भने, 'म यत्ति भन्छु, हामीसँग बहुमत छ जे गरे पनि हुन्छ भनेर शासकहरुले ठान्नु दुर्भाग्यपूर्ण भन्ने कुरा नेपाली शासकहरुले बुझ्दा राम्रो हुन्छ ।'

माओवादी अध्यक्ष प्रचण्डले आफूहरु संविधान संशोधनको विरोधी नभएको बताएका छन् । तर सत्तारुढ कांग्रेस-एमालेले गर्न खोजेको संविधान संशोधन र आफूहरुले चाहेको संशोधनमा फरक रहेको बताए ।




### वैदेशिक रोजगार विशेष

## यूएई र कतारका लागि रोकिएको बाइक राइडरको श्रम स्वीकृति कुवेतका लागि खुलाउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन

खाडी मुलुक यूएईका लागि रोकिएको बाइक राइडरको रोजगारी कुवेतका लागि भने खुला हुने भएको छ। यूएईमा मासिक २ हजार ७ सय दिहरामसम्म मासिक तलब हुने भनेर गएका ठूलो संख्याका नेपाली बाइक राइड कामदारले भनेअनुसार तलब पाउन नसकेको भन्दै विगतमा पठाउने म्यानपावर कम्पनीमाथि केही दल र सामाजिक सञ्जालमार्फत दबाब दिएर स्वदेश फर्काइ क्षतिपूर्तिको नाममा ठूलो रकम असुल्ने गरेका थिए ।

विगतमा यूएईबाट फर्केका बाइक राइडरहरुलाई पर्याप्त क्षतिपूर्ति नदिइएको दाबी गर्दै सामाजिक अभियन्ता तारा बराल र केही युट्युबर वैदेशिक रोजगार विभागमा दबाब दिन जाँदा चर्काचर्की र हात हालाहाल भएको थियो । त्यसपछि विभागले वैदेशिक रोजगारबाट फर्केका युवाहरुले युट्युबर ल्याइ हुलहुज्जत गरी कार्य सम्पादनमा अवरोध उत्पन्न भएको भन्दै केही दिन कार्यालय प्रवेशमा कडाइ गरेको थियो ।

त्यसपछि विभागले यूएई र कतारको बाइक राइडर तथा ट्याक्सी ड्राइभरको पूर्व स्वीकृति बन्द गर्दै दुवै देशमा रहेका नेपाली दूतावासलाई मागपत्र प्रमाणीकरण स्थगित गर्न अनुरोध गरेको थियो । बाइक राइडरको रोजगारीमाथि रहेका चुनौती यथावत रहेको अवस्थामा कुवेतका लागि खुला गरेर दबाब र असुरक्षा बढाउन खोजिएको कतिपयको भनाइ छ ।

यूएईमा बाइक राइडरको काममा गएका नेपाली बाइक राइडर र ट्याक्सी ड्राइभरले स्वीकृत मापदण्डअनुसार तलब पाउन नसकेको, सहजरुपमा लाइसेन्स पाउन नसक्दा लामो समयसम्म कामविहीन बस्नुपरेको, ट्राफिक नियम पृष्ठ २ मा

### लेबनानका नेपालीप्रति सरकार सचेत : परराष्ट्र

काठमाडौं/रासस- नेपाल सरकारले लेबनानमा विकसित पछिल्लो घटनाक्रमका सन्दर्भमा त्यहाँ रहेका सम्पूर्ण नेपाली नागरिकको सुरक्षा तथा हित सुनिश्चित गर्नेतर्फ पूर्णरुपमा सरकार सचेत रहेको जनाएको छ । परराष्ट्र मन्त्रालयले सोमबार विज्ञप्तिमार्फत हालसम्म त्यहाँ रहेका नेपाली नागरिक सुरक्षित रहेको तथा उनीहरुको सहजताका लागि निरन्तर प्रयत्न भइरहेको जनाएको छ ।

तत्कालै थप कुनै सहयोग आवश्यक परेमा लेबनानमा रहेका नेपाली नागरिक तथा उनीहरुका आफन्तले कायरोस्थित नेपाली राजदूतावास पृष्ठ २ मा

### मनसुनजन्य विपद्

## १५४ को मृत्यु, ४ हजार परिवार विस्थापित

> नेपाल प्रहरीका अनुसार अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानको बाढी, पहिरोलगायतका विपद्मा परेर सोमबार दिउँसोसम्म १५४ जनाको मृत्यु भएको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

यस वर्षको बाढी, पहिरो लगायत मनसुनजन्य विपद्मा परेर डेढ सय बढीको ज्यान गएको छ ।

नेपाल प्रहरीका अनुसार अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानको बाढी, पहिरो लगायतका विपद्मा परेर सोमबार दिउँसोसम्म १५४ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा २५ जना, मधेश प्रदेशमा ६ जनाको मृत्यु भएको छ ।

यस्तै, बागमती प्रदेशमा ३० जना, गण्डकी प्रदेशमा ४३ जना, लुम्बिनी प्रदेशमा २९ जना, कर्णाली प्रदेशमा ८ जना र सुदूरपश्चिम प्रदेशमा १० जना गरी जम्मा १५४ जनाको मृत्यु भएको हो ।

काठमाडौं उपत्यकामा १० जना, कोशी प्रदेशमा ३७ जना, मधेश प्रदेशमा १० जना, बागमती प्रदेशमा १९ जना घाइते भएका छन् ।

यस्तै, गण्डकी प्रदेशमा ३४ जना, लुम्बिनी प्रदेशमा ११ जना, कर्णाली प्रदेशमा ५१ जना र सुदूरपश्चिम प्रदेशमा १४ जना गरी जम्मा १ सय ८६ जना घाइते भएका छन् ।

प्रहरीका अनुसार अधिकांश घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भएको छ ।

काठमाडौं उपत्यकामा २६ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२२ साउन २०८१, मंगलबार
6 August 2024, Tuesday

# कर्णालीका मुख्यमन्त्री कँडेलले पाए विश्वासको मत




**काठमाडौं/मस-** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले विश्वासको मत पाएका छन् ।

सोमबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री कँडेललाई एमालेका ९, कांग्रेसका १३ र १ स्वतन्त्र सांसद गरी २३ सांसदले विश्वासको मत दिएका छन् ।

संविधानको धारा १८८ (२) अनुसार मुख्यमन्त्री कँडेलले सोमबार विश्वासको मत लिएका हुन् । विश्वासको मतका लागि मुख्यमन्त्रीले राखेको प्रस्तावको पक्षमा २३ जना सांसदले मत दिए । प्रस्तावको विपक्षमा १४ सांसदले मतदान गरेका छन् ।

केन्द्रमा सत्ता समीकरण बदलिएसँगै मुख्यमन्त्री कँडेलले दोस्रो पटक विश्वासको मत लिएका हुन्। मुख्यमन्त्री शाहद्वारा पदबहाली

सुदूरपश्चिम प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कमलबहादुर शाहले सोमबार पदबहाली गरेका छन् ।

पदबहाली गर्दै उनले प्रदेशमा बजेट शून्यताको अवस्था चाँडै अन्त्य गर्ने प्रतिबद्धता जनाए ।

आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेशसभामा प्रस्तुत बजेटमाथि छलफल गरेर पारित गर्नमा भएको ढिलाइ भएपछि प्रदेशमा यही साउन १ गतेबाट बजेट शून्यताको अवस्था छ ।

मुख्यमन्त्री शाहले प्रदेश सरकार मातहतका निकायमा वित्तीय अनुशासन, सुशासन प्रबर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि अध्ययन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा एक कार्यदल गठन गरेका छन् । कार्यदललाई १५ दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने गरी जिम्मेवारी दिइएको छ ।

यसैगरी प्रदेशका सरकारी अस्पतालमा बिरामीलाई आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउने निर्णय पनि उनले गरेका छन् । यसका लागि नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा निःशुल्क 'ब्लड बैंक' सञ्चालन र व्यवस्थापनका लागि अध्ययन गरी सोको कार्यान्वयनका लागि आवश्यक निर्णय गर्न सामाजिक विकास मन्त्रालय निर्देशन दिने निर्णय गरिएको छ ।

उनले प्रदेशका नागरिकको विपद् जोखिम दुर्घटना बीमा गने निर्णय गर्नुभएको जनाइएको छ । कार्यक्रम सञ्चलनका लागि अध्ययन गरी आवश्यक निर्णय गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय निर्देशन दिने निर्णय गरिएको छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं नवनियुक्त मुख्यमन्त्री शाहको सिफारिसमा नेपालको संविधानको धारा १६८को उपधारा(९)बमोजिम प्रदेश प्रमुख नजिर मियाँले सोमबार प्रदेशको मन्त्रिपरिषद् गठन र कार्यविभाजन गरेका छन् । मन्त्रिपरिषद्को गठन र कार्यविभाजनअनुसार बहादुरसिंह थापाले आर्थिक मामिला, सुरेन्द्रबहादुर पालले भौतिक पूर्वाधार विकास र मेघराज खड्काले सामाजिक विकास मन्त्रीको जिम्मेवारी पाएका छन् ।

यस्तै लक्ष्मणकिशोर चौधरी उद्योग, पर्यटन, वन, तथा वातावारण मन्त्री, हीरा सार्की आन्तरिक मामिला तथा कानून मन्त्री र वीरबहादुर थापा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रीमा नियुक्त हुनुभएको छ । प्रकाश बहादुर बम आर्थिक मामिला, सरस्वती खड्का सामाजिक विकास र निर्मला साउद भौतिक पूर्वाधार विकास राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

आर्थिक मामिला मन्त्री थापा र समाजिक विकास मन्त्री खड्का, राज्यमन्त्रीहरु प्रकाशबहादुर बम र सरस्वती खड्का कांग्रेसका सांसद छन् । भौतिक पूर्वाधार विकास मन्त्री पाल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री थापा र आन्तरिक मामिला तथा कानुन मन्त्री सार्की एमालेका सांसद छन् ।

उद्योग पर्यटन, वन तथा वातावरणमा नियुक्त चौधरी नागरिक उन्मुक्ति पार्टीका सांसद छन् भने राज्यमन्त्रीमा नियुक्त निर्मला साउद एमालेकी सांसद छन् । प्रदेश प्रमुख मियाँले नवनियुक्त मुख्यमन्त्री र मन्त्रीलाई छुट्टाछुट्टै रुपमा पद तथा गोपनीयताको सपथ गराएका छन् ।

सोही समारोहमा मुख्यमन्त्री शाहले नवनियुक्त राज्यमन्त्रीलाई पद तथा गोपनीयताको सपथ गराए ।

# धार्मिक तथा ऐतिहासिक सुर्मादेवी बिरीजात मेला शुरु

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २१ साउन



भगवतीका सोह्र शक्तिरुपहरूमध्ये एक सुर्मादेवीको धार्मिक तथा ऐतिहासिक धरोहरको पर्व सुर्मादेवी बिरीजात मेला शुरु भएको छ। प्रत्येक वर्ष सुदूरपश्चिमको बझाङ र दार्चुलामा लाग्ने धार्मिक तथा ऐतिहासिक सुर्मा देवी बिरिजात मेला आइतबारदेखि शुरु भएको हो ।

लामोसमयसम्म सुर्मा भगवतीको पूजाआराधना गरिने सुर्मादेवी बिरीजात मेला साउन महिनाको औंसीबाट शुरु भएर पूर्णिमासम्म चल्ने गर्दछ। सुर्मादेवी बिरीजात मेलाको समयमा लामो समयसम्म सुर्मा देवी भगवती माताको पूजा आराधना गर्ने परम्परा रहेको छबिस पाथिभेरा गाउँपालिका ७ का स्थानीय तथा शिक्षक कलक बहादुर मण्डेलले बताए ।

पौराणिक कथाअनुसार थलीजिउँलामा महालिंग भगवान् बस्थे उनका जेठी दुर्गादेवी र कान्छी सुर्मादेवी दुईवटै बहिनी श्रीमतीहरू थिए । एक समय महालिंग भगवान्लाई कुष्ठरोग लागेपछि रोग निको पार्न लसुन पिसेर लगाउने सल्लाह हुँदा जेठी बहिनी दुर्गादेवीले कान्छी बहिनी सुर्मादेवीलाई लसुन पिस्न आग्रह गरिन् ।

सुर्मादेवीले नाकथुनेर लसुन पिस्न थालेपछि दुर्गादेवीले वचन लगाउँदै (तेत्तिकी छिपीली भया सरोवर बस्) भन्दा सहन गर्न नसकी सुर्मादेवीले (थार) भनिने जनावरको भेषमा बुडखोरीमा रहेको सुर्मा मन्दिरमा गएर बसेको मानिन्छ ।

जंगली जनावरको भेषमा रहेकी सर्मा देवीले खोरी र घट्टे गाउँका बासिन्दाले घाममा सुकाउदै गरेको अन्न बाली बिस्कुन चोरेर खान थालिन् ।

सर्मादेवीले दिनहुँ बिस्कुन खानथालेपछि खोरी घट्टे गाउँकि महिलाहरूले श्रीमानलाई सिकार गर्न भनिन् । त्यसपछि पुरुषले तिखा हतियार भालाले थारलाई लखेट्दै जाँदा अन्तमा सुर्मा सरोवर तालमा पुगेर सुर्मा देवीको औंतार भएको भन्ने जनविश्वास रहेको छ ।

साउन महिनाको औंसीका दिन सुर्मा देवीका आलिपालिका गाउँका सबै करियाहरू धामीझाँक्री नाइक जाग्री पुजारी सुर्मा देवीको मन्दिरमा जाने गर्दछन् । मन्दिरमा गएर पूजापाठ गर्ने धामीझाँक्री काप्ने परम्परागत चलन रहेको छ । मन्दिरमा गइ पूजा आराधना गरिसकेपछि बाँधा अर्थात जात्रा ,मेला शुरु भएको मान्ने प्रचलन रहेको छबिस पाथिभेरा गाउँपालिका ७ घट्टेका सुर्मा देवीका पुजारी हाँसे मण्डेलले बताए ।

## हसिना...

थालेको छ । यसमा हसिनाको योगादान थियो । बंगलादेशमा भूतपूर्व सेनाका सन्तानहरूलाई सरकारी जागिरमा आरक्षण दिने नीति विरूद्धको आन्दोलन राजीनामा मागसम्म पुगपछि हसिना सत्ताच्युत भएकी हुन् ।

## मनसुनजन्य...

१२ जना जनाको उद्दार गरिएको छ । यस्तै गण्डकी प्रदेशमा १४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिम प्रदेशमा ५ जना गरी जम्मा १ सय ८ जनाको उद्दार गरिएको छ ।

बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा ४२ जना, गण्डकी प्रदेशमा १ जना वेपत्ता छन् । कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिम प्रदेशमा १ जना गरी ४७ जना वेपत्ता भएका छन् । वेपत्ताको खोजी कार्य जारी छ ।

बाढीको कारण जम्मा ३ ८४ घर डुबानमा परेका छन् । २६१ वटा घर, ९५ वटा गोठ, ४३ वटा पुल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ ।

बाढीको कारण ७४३ वटा पशु चौपायको मृत्यु भएको छ । विपद्का घटनाबाट ४ हजार २३८ घर परिवार विस्थापित भएका छन् ।

## यूएई...

जानकारी नहुँदा चर्को जरिवानामा परेको, दुर्घटनामा परेकोजस्ता गुनासा दैनिकरुपमा विभागमा आउने गरेको निष्कर्ष निकालेर श्रम स्वीकृति रोकेको थियो ।

यूएईमा मालिकको अण्डरमा बस्न नपर्ने, मासिक ४५ सय दिरामसम्म कमाइ हुने र त्यहाँको लाइसेन्स प्राप्त गरी नेपाल फर्केर युरोपेली मुलुकमा जान पाइने प्रलोभनमा परेका युवाहरु बाइक राइडरमा जाने र विभिन्न बहाना सिर्जना गरी म्यानपावर कम्पनीलाई दोष देखाएर फर्कने गरेका थिए ।

हाल केही व्यवसायीले सप्लाइ नभइ सिधै कम्पनी मातहत काम गर्ने गरी डिमाण्ड ल्याएको र परिस्थितिमा पनि परिवर्तन भएकाले आकर्षक तलब हुने बाइक राइडरको रोजगारी बन्द गर्न उचित नहुने बताउँदै आएका छन् । उनीहरुकै आग्रहमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कुवेतमा बाइक राइडर खुला गर्ने गृहकार्य गरिरहेको बताइएको छ ।

## लेबनानका...

तथा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सम्पर्क ठेगाना सार्वजनिक गरेको छ ।

मन्त्रालयले दीपक घिमिरे, द्वितीय सचिव, नेपाली राजदूतावास, कायरो: २०१० ९७७७२३४८, श्रीकृष्ण सिलवाल, शाखा अधिकृत, परराष्ट्र मन्त्रालय: ९७७९८४९१७९५२० लाई सम्पर्क गर्न अनुरोध गरेको छ । साथै लेबनानमा रहेका नेपालीको सूची अद्यावधिक तुल्याउने प्रयोजनका लागि नेपाली राजदूतावास, कायरोको वेबसाइटमार्फत आवश्यक विवरण उपलब्ध गराउन लेबनानमा रहेका सम्पूर्ण नेपाली नागरिकलाई अनुरोध गरिएको छ ।


### सच्याइएको सूचना

Aishwarya Multiple Campus, Dhangadhi Kailali को ठेक्का नं. AMC/UGC/W/NCB/01-2081/82 को invitation for the bids सूचनामा प्रथम पटक प्रकाशित मिति २०८१/०४/२१ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।



### काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०४/२२ गते**

श्री लक्ष्मीपुर सामुदायिक वन उपभोक्ता समूह, दुधौली न.पा.-३, सिन्धुलीको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड १७ थानको २८१.५० क्यूफिट, बी ग्रेड १० थानको ११६.०७ क्यूफिट, सी ग्रेड ९ थानको ६९.८३ क्यूफिट गरि कूल ३६ थानको ४६७.४० क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री लक्ष्मी सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, दुधौली न.पा.-३, सिन्धुली, सव डिभिजन वन कार्यालय, रानीबासको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री लक्ष्मीपुर सामुदायिक वन उपभोक्ता समूह**
**दुधौली न.पा. वडा नं.-०३, सिन्धुली**



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

### सूचना

प्रकाशित मिति: २०८१/०४/२२

नेपाल सरकारबाट वैदेशिक रोजगार मुलक सीप विकास तालिम संचालन गर्न अ.प.नं. प्राप्त संस्था श्री नेपाल करियर ट्रेनिङ्ग फाउण्डेसन प्रा.लि. (अ.प.नं. ०७) ले यस विभाग समक्ष अनुमति रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०४/१७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम अनुमति-पत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।



### बहराइनमा रोजगार | कम्पनी: MILLION FOOD WLL
शहर: Baharain

पूर्व स्वीकृत मिति: २०८१/०४/२१ चलानी नं.: ६०२२३११३ L.T. No.: 308424

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 3 | 0 | स. काममा दक्ष | 180 | ६३,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २९ गते (13 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1495/074/075

**Santi Overseas Pvt. Ltd.**
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com



### साउदीमा रोजगार | कम्पनी : AL-MAM COMPANY FOR PROVIDING MEALS
शहर : Riyadh

पूर्व स्वीकृत मिति: २०८१/०४/२१ चलानी नं.: ६०२२३११२ LT. No.: 308319

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Agent | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २९ गते (13 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ईजाजत नं. १२८३/०७४/०७५

**Believable Overseas Pvt.ltd.**
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



**गरुडा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गरुडा, रौतहट**
**मधेश प्रदेश, नेपाल**

### करारमा कर्मचारी पदपुर्तिको लागि दोब्बर दस्तुर बुझाई दरखास्त बुझाउने सम्बन्धी दरखास्त आह्वान सूचना

**सूचना प्रकाशित मिति २०८१/०४/२२**

गरुडा नगरपालिकाको लागि विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुमा रहने गरी देहायका पदमा योग्य प्राविधिक कर्मचारी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म गरुडा नगरपालिकाको NIC ASIA बैंकमा रहेको आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८ मा राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ भनि मिति २०८१।०४।०८ गते सूचना प्रकाशन गरिएकोमा गरुडा नगरपालिका कर्मचारी छनौट तथा सिफारिस समितिको निर्णयानुसार मिति २०८१।०४।२३ गते देख ७ (सात) दिनसम्मको लागि इच्छुक योग्य उमेदवारहरुले उल्लेखित परीक्षा दस्तुरको दोब्बर दस्तुर बुझाइ दरखास्त बुझाउन अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध गराइनेछ ।

| सि.नं | विज्ञापन नं. | समूह | पद | श्रेणी | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१।०८१।०८२ | सिभिल ईन्जिनियरिङ | ईन्जिनियर | अधिकृत छैठौं | १ | १,५००। |
| २ | ०२।०८१।०८२ | | सब ईन्जिनियर | सहायक स्तर पाचौं | २ | १,००० |
| ३ | ०३।०८१।०८२ | | खा.पा.स.टे. (प्लम्बर) | सहायक स्तर चौथौं | १ | ७००। |
| ४ | ०४।०८१।०८२ | कृषि तथा पशु सेवा | पशु सेवा | सहायक स्तर चौथौं | १ | ७००। |
| ५ | ०५।०८१।०८२ | | कृषि सेवा | सहायक स्तर चौथौं | १ | ७००। |
| ६ | ०६।०८१।०८२ | सूचना प्रविधि | कम्पयुटर अपरेटर | सहायक स्तर पाचौं | १ | १,०००। |
| ७ | ०७।०८१।०८२ | | स.कम्पयुटर अपरेटर | सहायक स्तर चौथौं | २४ | ७००। |
| ८ | ०८।०८१।०८२ | मेकानिकल ईन्जिनियरिङ | हलुका सवारी चालक | श्रेणी बिहिन | ६ | ५००। |
| ९ | ०९।०८१।०८२ | | हेभी सवारी चालक | श्रेणी बिहिन | १ | ५००। |

१. **उमेर :** १८ वर्ष भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको तर सवारी चालकको हकमा उमेर हद नलाग्ने ।
२. **दरखास्त दिने स्थान :** गरुडा नगरपालिकाको कार्यालय गरुडा रौतहट
३. **दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको ७ (सात) दिनभित्र र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन ।
४. **परिक्षाको किसिम :**
(क) सिभिल इन्जिनियर समुह र कृषि तथा भेटेरिनरी समूहको लागि लिखित र अन्तर्वार्ता
(ख) कम्प्यूटर अपरेट र सवारी चालकको लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
५. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको छाँया प्रति
- नेपाली नागरिकताको प्रमाणपत्रको छाँया प्रति
- शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको छाँया प्रति
- चारित्रिक प्रमाण पत्रको छाँया प्रति
- २ (दुई) प्रतिपासपोर्ट साईजको फोटो
- अनुभव खुल्ने प्रमाणपत्र

६. **परीक्षा मिति र परीक्षा केन्द्र :** पछि प्रकाशन गरिनेछ ।
७. **सम्पर्क मिति :** २०८१।०४।३० गते
८. **सेवा सुविधा :** नगर कार्यपालिका वा नगरसभाले निर्धारण गरे बमोजिम हुनेछ ।
९. **छनौटको किसिम :** गरुडा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम छनौट समितिले निर्धारण गरेको मापदण्ड एवम् कार्यविधि बमोजिम हुनेछ ।
१०. **शैक्षिक योग्यता :**
क. **ईन्जिनियर छैठौं स्तर :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उर्तिण गरेको वा सो सरह र नेपाल इन्जिनीयरिङ्ग परिषदबाट लाइसेन्स प्राप्त गरेको ।
ख. **सब ईन्जिनियर सहायक स्तर पाचौँ :** मान्यताप्राप्त शिक्षण संस्थाबाट Diploma In Civil Engneering ३ वर्षे कोर्ष पुरा गरेको वा सो सरह उत्तिर्ण गरेको ।
ग. खा.पा.स.टे. (प्लम्बर) सहायक स्तर चौथो MCTEVT बाट प्लम्बिङ्ग विषयमा T.S.L.C. उत्तिर्ण गरेको वा एस.ई.ई. वा सो सरह पास गरी प्लम्बीङ्ग सम्बन्धी कम्तिमा ३ महिने तालिम प्राप्त गरेको ।
घ. **पशु सेवा सहायक स्तर चौथो :** CTEVT बाट भेटेरीनरी विषयमा T.S.L.C. उत्तिर्ण गरेको वा एस.ई.ई. वा सो सरह पास गरी CTEVT बाट वा CTEVT बाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट भेटेरीनरी विषयमा १८ महिने तालिम प्राप्त गरेको ।
ङ. **कृषि सेवा सहायक स्तर चौथो :** CTEVT बाट कृषि विषयमा T.S.L.C. उत्तिर्ण गरेको वा एस.ई.ई. वा सो सरह पास गरी CTEVT बाट वा CTEVT बाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट कृषि विषयमा १८ महिने तालिम प्राप्त गरेको ।
च. **कम्पयुटर अपरेटर सहायक स्तर पाँचौं :** CTEVT बाट कम्प्यूटर विषयमा ३ वर्षे डिप्लोमाकोर्ष उत्तिर्ण भएको वा कम्प्यूटर विषय लिइ कक्षा १२ उर्तिण गरी १ वर्ष कार्य गरेको अनुभव भएको वा कक्षा १२ वा सो सरह उत्तिर्ण गरी ६ महिने कम्पयुटर सम्बन्धी तााालिम प्राप्त गरेर २ वर्ष कार्य गरेको अनुभव भएको, अन्य योग्यता नेपाल सरकारले तोके अनुसार ।
छ. **सहायक कम्पयुटर अपरेटर सहायक स्तर चौथो :** एस.ई.ई. वा सो सरह उर्तिण गरी ६ महिने कम्पयुटर सम्बन्धी तााालिम प्राप्त गरी एक वर्ष कार्य अनुभव प्राप्त गरेको ।
ज. **हलुका सवारी चालक (श्रेणी बिहिन) :** सामान्य लेखपढ गर्न जानेको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको । चालक अनुमतिपत्र नविकरण भएको र हाल ड्राइभिङ्ग गरिरहेको ।
झ. **हेभी सवारी चालक (श्रेणी बिहिन) :** सामान्य लेखपढ गर्न जानेको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको । चालक अनुमतिपत्र नविकरण भएको र हाल ड्राइभिङ्ग गरिरहेको ।

**मुहम्मद मुस्ताक आलम**
**प्रमुख प्रशासकीय अधिकृत**

## धेद्रे सुरुङको 'ब्रेक थ्रु'

# 'नेपालमा केही भएन भन्ने भाष्य द्रुतमार्गले खण्डन गरेको छ'

**काठमाडौं/मस-** निर्माणाधीन काठमाडौं-तराई द्रुतमार्गअन्तर्गत धेद्रे सुरुङ मार्गको 'ब्रेक थ्रु' भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार विस्फोटक पदार्थको स्विच थिचेर 'ब्रेक थ्रु' गरेका हुन् । धेद्रे सुरुङको निजगढबाट काठमाडौंतर्फ आउने खण्डको गत जेठमा ब्रेक 'ब्रेक थ्रु' भएको थियो । जसको दुरी १.६५ किमी छ ।



यही सुरुङको काठमाडौंबाट निजगढतर्फ निस्कने १.७२८ किमि दुरीको सुरुङ खनिएसँगै यसको 'ब्रेक थ्रु' भएको हो । मकवानपुरको बकैया गाउँपालिकास्थित धेद्रेको ब्रेक थ्रु भएसँगै पोलि छड्गदा निर्माण कम्पनीले निर्माण ठेक्का लिएको प्याकेज नम्बर दुईका सबै सुरुङ वारपार छेडिएको छ ।

कुल ७०.९७७ किलोमिटर लामो द्रुतमार्गमा कुल १०.३०९ किलोमिटर सुरुङमार्ग रहेको छ । महादेवटारमा काठमाडौं छिर्ने र काठमाडौंबाट निजगढ जाने २ वटा सुरुङ खनिँदै छ ।

काठमाडौंबाट निजगढततर्फ आउने सुरुङ ३ हजार ३ सय ८६ मिटरमध्ये २ हजार २ सय ८८ मिटर खनिसकिएको छ ।

त्यस्तै निजगढबाट काठमाडौंतर्फ आउने सुरुङको ३ हजार ३ सय २२ मिटरमध्ये २ हजार २९ मिटर खनिसकिएको छ ।

**'ब्रेक थ्रु' एउटा महत्वपूर्ण कार्य**

प्रधानमन्त्री ओलीले मुलुकमा नयाँ प्रविधियुक्त ढंगले लामा सुरुङ निर्माणमा 'ब्रेक थ्रु' एउटा महत्वपूर्ण कार्य भएको बताएका छन् । 'ब्रेक थ्रु' कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेपाल सुरुङ युगसँगै नयाँ युगमा प्रवेश गरेकाले अब यो विकास निर्माणको गति नरोकिने दृढता व्यक्त गरे ।

प्रधानमन्त्री ओलीले भने,' विगतमा जुन रफ्तारमा विकास हुनुपर्थ्यो, त्यो भएन, अब विकासको नमुना यो द्रुतमार्ग हुनेछ ।' द्रुतमार्ग अघि बढाउने सन्दर्भमा देखिएका बाधा ब्यवधानलाई समाधान गर्न सरकार तयार रहेको बताउँदै उनले द्रुतमार्ग निर्माणमा देखिएको व्यवधान राजनीतिक मात्र नभइ अर्थतन्त्रसँग पनि जोडिएको स्पष्ट पारे ।

नेपालमा केही भएन भन्ने भाष्य खडा गर्न खोजिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले द्रूत मार्गको सुरुङ निमार्णले त्यसलाई खण्डन गरेको बताए । सांस्कृतिक अन्तरघुलन, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण र पर्यटन उद्योग प्रवर्द्धन गर्न मुलुकको आत्मविश्वासको दृष्टान्तकारुपमा द्रुतमार्ग भएको बताउँदै प्रधानमन्त्री ओलीले देशमा पूर्णशान्ति र भयरहित वातावरण बनाउन प्रतिबद्ध रहेको बताए ।

उनले देश विकास होस, नागरिकको जीवनस्तर माथि उठोस, सुखी नेपाली र समृद्ध नेपालका राष्ट्रिय आकांक्षा पुरा होस् भन्ने दृष्टिकोणले सरकारले काम गरिरहेको उल्लेख गरे । अप्टिकल फाइबर, फोर जी इन्टरनेटलगायतका सेवा सबै जिल्लामा पुऱ्याउने काम अघि बढिरहेको बताउँदै प्रधानमन्त्री ओलीले द्रूतमार्गलगायतका पूर्वाधारले यस्ता कार्यक्रमलाई सहयोग पुऱ्याउने बताए ।

उनले शुरु गरेका काम समयमै सम्पन्न गर्न पूर्वाधार विकाससँग जोडिएका मन्त्रालयका पदाधिकारीलाई निर्देशन दिए ।

# मर्यादित मिडियाले नागरिकको सम्मान जोगाउँछ : राष्ट्रपति पौडेल

**काठमाडौं/मस-**राष्ट्रपति रामचन्द्र पौडेलले मिडियाको मर्यादित भूमिकाबाट मात्र आम नागरिकको मर्यादा र सम्मान जोगिने बताएका छन् ।



त्यसका लागि प्रेस काउन्सिल नेपालको भूमिका अहम् हुने उनले बताए । सोमबार राष्ट्रपति कार्यालय शितल निवासमा काउन्सिलका पदाधिकारीसँग भेट्दै उनले नयाँ मिडियासहितले ल्याएका चुनौतिलाई सम्बोधन गर्ने गरी काउन्सिलले आफ्ना गतिविधि केन्द्रित गर्नुपर्ने सुझाव दिए ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतसहितको टोलीले नेपाली मिडियामा देखिएका पछिल्ला प्रवृत्ति, समस्या, नयाँ प्रयोगबारे संक्षिप्त रुपमा अवगत गराएको थियो ।

अध्यक्ष बस्नेतले युट्युवसहित सामाजिक सञ्जालमार्फत चलेका सञ्चारमाध्यमलाई नियमन गर्न काउन्सिलले विभिन्न कार्य गर्दै आएको जानकारी दिए । अबको पत्रकारिताको धार समाधानमुखी र रचनात्मक बनाउन विभिन्न संवाद श्रृंखलाहरु काउन्सिलले थालेको उनले बताए । भेटमा काउन्सिलका तर्फबाट अध्यक्ष बस्नेत, बोर्ड सदस्यहरु दुर्गा भण्डारी पौडेल, लालबाबु शेष, रामप्रसाद दाहाल र मुख्य अधिकृत झबिन्द्र भुसाल सहभागी थिए । यस्तै राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेल पनि सहभागी थिए ।

# हेमबहादुर मल्ल सम्मान कूटनीतिज्ञ थापालाई प्रदान गरिने

**काठमाडौं/मस-**नेपाल जनप्रशासन संघले विसं २०७९ को 'हेमबहादुर मल्ल सम्मान' कूटनीतिज्ञ डा.भेषबहादुर थापालाई प्रदान गर्ने भएको छ । संघ र साल्ट ट्रेडिङ कर्पोरेसनद्वारा संयुक्त रुपमा आज आयोजित पत्रकार सम्मेलनमा थापालाई सम्मानपत्रसहित रु.दुई लाख राशिको सम्मान प्रदान गरिने जानकारी दिइएको छ ।

उक्त सम्मान यही साउन २३ गते विशेष समारोहकाबीच प्रदान गरिने छ । संघले साल्ट ट्रेडिङको सौजन्यमा सो संस्थाका अध्यक्ष एवं कुशल व्यवस्थापक स्व.हेमबहादुर मल्लको स्मृतिमा उक्त सम्मान स्थापना गरेको हो ।

पाँच दशकसम्म निरन्तर सार्वजनिक जीवनका आर्थिक, प्रशासनिक, प्राज्ञिक र कूटनीतिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको योगदानस्वरूप डा.थापालाई सो सम्मान प्रदान गर्न लागिएको संघका अध्यक्ष मधुरमण आचार्यले जानकारी दिए ।

सम्मान छनोटका लागि पूर्वसचिव एवं पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइरालाको संयोजकत्वमा समिति गठन गरिएको थियो । सो समितिमा संघका निवर्तमान अध्यक्ष कृष्णहरि बाँस्कोटा, साल्ट ट्रेडिङका अध्यक्ष प्रदीपलाल श्रेष्ठ, सचिव विन्दु विष्ट र पूर्वसचिव शिशिरकुमार ढुंगाना सदस्य रहेका थिए ।

यसअघि सो सम्मानबाट केदारभक्त माथेमा, चाँदनी जोशी, डा. भगवान् कोइराला, डा. विमल कोइराला, महावीर पुन, स्व अम्बिका श्रेष्ठ, भोजराज पोखरेल, दमननाथ ढुङ्गाना, डा. सुरेशराज शर्मा, खिलराज रेग्मी, उमेश मैनाली, दामोदर गौतम, डा. देवेन्द्रराज पाण्डे, कुलमान घिसिङ, डा. सन्दुक रुइत, डा. गौरीशंकर लाल दास, सूर्यनाथ उपाध्याय, गोरक्षबहादुर न्हुच्छे प्रधान र भानु आचार्य सम्मानित भइसकेका छन् ।

# राप्ती नदीको बाढीले तटबन्ध भत्काएपछि बस्ती नै जोखिममा

**बाँके/मस-**बाँकेको राप्ती नदी प्रभावित नागरिकले तत्काल तटबन्ध निर्माण गरी बस्ती जोगाइदिन माग गरेका छन् । राप्ती सोनारी गाउँपालिका-७ खल्ला झगडियामा नदीको कटान तथा डुबान रोक्न निर्माण गरिएको अस्थायी तटबन्ध दुई वर्षअघि आएको राप्ती नदीको बाढीले भत्काएपछि राप्ती सोनारी-६ र ७ तथा नरैनापुर गाउँपालिकावासी ६० हजार बढी नागरिक डुबानको उच्च जोखिममा रहेका छन् ।

सोमबार उक्त क्षेत्रको अवलोकन तथा जनताको गुनासो सुन्न पुगेका संघीय सांसद सूर्य ढकालसँग डुबान प्रभावित क्षेत्रका नागरिकले यस वर्ष तटबन्ध निर्माण नभए ठूलो बाढी आउनासाथ राप्ती नदीले गाउँ डुबान गर्ने भएकाले तत्काल पहल गर्न माग गरेका थिए ।

तटबन्ध नहुँदा राप्तीको तल्लो तटीय क्षेत्रमा पर्ने राप्ती सोनारी र नरैनापुर गाउँपालिकाको खेतीयोग्य जमिन नदीले दिनहुँजसो कटान गरिरहेको छ । अहिलेसम्म सयौं बिघा खेतीयोग्य जमिन नदी कटानमा परिसकेको राप्ती सोनारी-७ नयाँबस्तीका शंकर यादवले बताए ।

दुई वर्षदेखि निरन्तर तटबन्धको माग गर्दै आए पनि निर्माण कार्यमा कसैले चासो नदिएको नरैनापुर-६ का अगुवा सोहनलाल यादवले बताए ।

उनका अनुसार पछिल्लो समय राप्ती नदीमा बाढी बढ्दै गएर नदी गाउँतिर सोझिँदै आएको छ । लगातार भारी वर्षा हुनासाथ राप्ती नदीको बाढी गाउँ पस्ने खतरा बढ्दै गएको छ । आफ्नो क्षेत्रमा रहेको डुबानका समस्याबारे स्थलगत अवलोकनमा पुगेका बाँके क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य ढकालले नदी प्रभावित राप्तीसोनारी र नरैनापुरवासीका गुनासो सुनेको बताए । खल्लाझगडियामा राप्ती नदीले तीव्र रूपमा कटान गरिरहेकाले ठूलो विपत्ति निम्त्याउन सक्ने अवस्थालाई दृष्टिगत गरी तत्काल राज्यका निकायको ध्यानाकर्षण गराएको उनको भनाइ छ ।

तटबन्धन निर्माण नभएका कारण राप्ती सोनारीको ६ र ७ नं वडाका सर्रा, भवानीयापुर, पहाडीपुर, वसन्तापुर, गेदवा, खल्ला झगडिया, देउपुर्वालगायतका गाउँ र नरैनापुर गाउँपालिकाको गङ्गापुर, सोनवर्षा, कुदर-वेटवा, कुडुवालगायत बस्ती जोखिममा रहेका छन् ।

## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### विज्ञापन प्रकासनका लागि विद्युतिय माध्यमद्वारा दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२२**

बेलबारी नगरपालिकाबाट आ.व. २०८१/०८२ मा आवश्यक पर्न सक्ने राष्ट्रियस्तरबाट प्रकासित हुने "क" वर्गको राष्ट्रिय दैनिक पत्रिका सार्वजनिक सूचना प्रकासन गर्नुपर्ने भएकाले ईजाजतप्राप्त इच्छुक विज्ञापन एजेन्सी वा पत्रिका प्रकासनले रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | दरभाउपत्रको नाम | ठेक्का नं. | कैफियत |
|---|---|---|---|
| १ | Procurement of Advertising Agency for Notice Publication in National Daily for 2081-82 | BM/MOR/G/ SQ-01-2081-082 | आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नपामा हुनेछ । अन्य विषय सम्बद्ध कानुन बमोजिम हुनेछ । |

**नोट** : विस्तृत विवरण लागि बेलबारी नगरपालिकाको वेवसाईट https://belbarimun.gov.np/ मा हेर्न सकिने छ । https://bolpatra.gov.np/egp बाट मात्र दरभाउपत्र पेश गर्नुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगार
कम्पनी : FIRST GULF COMPANY FOR MAINTENANCE AND CLEANING
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०८१/०४/२१ | चलानी नं.: ६०२२३१०७ | LT. No.: 308428

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaning Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : REMAL ASSWAHEL CONTRACTING AND MAINTENANCE CO. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०४/२१ | चलानी नं.: ६०२२३१०८ | LT. No.: 308430

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Windows Cleaner | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २९ गते (13 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic No.: 836/066/067
**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनीः MANFORCE TRADING & CONTRACTING CO. WLL | शहरः DOHA, QATAR
पूर्व स्वीकृत मितिः २०८०/०६/०१ | चलानी नं.: ६०२०७८४६ | LT. No.:292669 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 11 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labour | 0 | 4 | | 1000 | ३६,६७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ साउन २९ गते (13 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

diana overseas
श्रम इजाजत नं. ४०८/०६०/०६१
**डायना ओभरसिज प्रा. लि.**
बाल कुमारी, ललितपुर, फ्याक्सः ५००६३८६, फोन नं: ५१८६३८४,५१८६३८५, ५५५६३२८, ५५५६४२९


## भावपूर्ण श्रद्धाञ्जली



जन्मः सन् १९४४ जनवरी १०

अब्यक्तारोहणः सन् २०२४ जुलाई ३१

**अब्यक्तारोहण शीला दिदीज्यू**

**सुक्ष्मवतनवासी राजयोगिनी ब्रह्माकुमारी आदरणीय शीला दिदीज्यू** ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालको संस्थापक मध्येकी वरिष्ठ सह-निर्देशक राजयोगिनी, तपस्विनी, बालब्रह्मचारिणी, ज्ञान गुणकी दिव्य विभूति शीला दिदीज्यू जसले धर्म संस्कृतिको धनी पवित्र भूमि नेपालमा विगत ५५ वर्ष देखि निराकार परमपिता शिव पशुपतिनाथद्वारा प्रदान गरिएको आध्यात्मिक ज्ञान र राजयोगको साधना गर्दै गराउँदै सात्विक, धार्मिक जीवन पद्धतिका माध्यमबाट सुख, शान्ति र समृद्ध जीवन जिउने कला सिकाउने महान कर्तब्य गर्नु भयो । आज उहाँको अब्यक्तारोहण भएको ७औं दिनको पुण्यतिथीमा उहाँको अमर आत्माको चिर शान्तिको कामनाको लागि शिव परमात्मासँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**दिल प्रसाद पोखरेल तथा समस्त पोखरेल परिवार**
**धापासी, काठमाडौं**

## साधारणसभा स्थगित गरिएको सूचना

**प्रकाशित मितिः २०८१/०४/२२**

१०० संख्या अपुगको कारण व्यवसायीहरुको लाईसेन्स नबिकरण रोकिरहेको र बिषम परिस्थिति सृजना भएको र यो समस्या समाधानको निमित्त नेतृत्व वर्ग तदारुकताका साथ लागि रहेकोले यहि श्रावण २६ गते गर्ने भनिएको साधारण सभा अर्को सूचना प्रकाशित नभए सम्मको लागी स्थगित गरिएको सबैमा जानकारी गराईन्छ ।

**माधुरी मुडभरी**
**महासचिव**
**नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघ**
काठमाडौं, नेपाल


## SAUDI मा रोजगार
कम्पनीः AL KHOBAR SEASONS EST. FOOD STUFFS
शहर : Al Khobar
पूर्व स्वीकृत मितिः २०८१/०४/२१ | चलानी नं.: ६०२२३१०९ | L.T. No.: 308467

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः SUAD AWAD MIKHLIF AL SHAMMARI CONTRACTING EST | शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२१ | चलानी नं.: ६०२२३११० | L.T. No.: 308381

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cement Mixer Operator | 4 | 0 | स. काममा दक्ष | 1800 | ६४,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २९ गते (13 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No. 415/060/61
**Mashareq International Overseas (P) Ltd.**
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५
Mobile :977 9801018169



## Free Visa ! Free Ticket ! Free Recruitment ! (Zero Cost) सहित Saudi मा वैदेशिक रोजगारको अवसर
कम्पनी : ALFANAR CLOSED JOINT STOCK COMPANY | शहरः Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मिति : २०८१/०४/२१ | चलानी नं.: ६०२२३१११ | LT. No.: 308480

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ साउन २९ गते (13 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ३. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ४. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ५. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ साउन २०८१, मंगलबार
6 August 2024, Tuesday

## सम्पादकीय

# बंगलादेश घटनाको पाठ

दक्षिण एसियाली मुलुक बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले पदबाट राजीनामा दिदै देश छोडेकी छन् । भारत हुँदै उनी बेलायत पुगेकी छन् । बंगलादेशमा १५ वर्ष शासन गरेकी हसिनाले पदबाट राजीनामा दिएर देश छोड्नुपर्ने परिस्थिति भने त्यहाँ चर्केको विद्यार्थी आन्दोलनका कारण सिर्जना भएको हो । बंगलादेशमा फ्रिडम फाइटरका सन्तानलाई सरकारी सेवामा दिइदै आएको आरक्षण कोटा अन्त्य गर्नुपर्ने माग राखेर विद्यार्थीहरूले आन्दोलन थालेका थिए । त्यो आन्दोलन चर्कदै जाँदा बंगलादेशका संस्थापक नेताकी छोरी रहेकी हसिनाले प्रधानमन्त्री पद त्याग्नु परेको छ । जबकी विद्यार्थीहरूले आन्दोलन थाल्दा प्रधानमन्त्री हसिनाको राजीनामा मागेका थिएनन् । पाकिस्तानबाट अलग भएर बंगलादेश बनाउने आन्दोलनमा सहभागीहरूका नाति पुस्ताले पाउन थालेको आरक्षण अन्त्य गर्नुपर्ने उनीहरूको माग थियो ।

विद्यार्थीहरूको माग स्वभाविक थियो । किनकि बंगलादेशलाई स्वतन्त्र देश बनाउने आन्दोलनमा लाग्ने र तिनका सन्तानले आरक्षणमा जागिर खाइसकेका थिए । जबकी नाती पुस्तालाई पनि कुल सरकारी सेवाको ३० प्रतिशत कायम राख्न थालिएपछि त्यसको विरोध भएको छ । जम्मा भएको यति हो । तर पुरा गर्न संभव माग राखेर चलेको प्रदर्शन बढ्दै जाँदा आन्दोलनकारीले प्रधानमन्त्री कार्यालय कब्जा गरे । देशकै संस्थापक नेताकी छोरीले देश छोडेर भाग्नुपरेको छ । आन्दोलनकारीले ठूलो सफलता पाएका छन् । यस्तो परिस्थिति स्वयं हसिनाकै कमजोरीहरूका कारण सिर्जना भएको हो । किनकि उनले लोकतान्त्रिक विधिलाई सम्मान गरेको देखिएन । एउटा जायज माग राखेर भएको आन्दोलनमा सहभागीहरूलाई आतंकवादी र देशद्रोही जस्ता सम्बोधन गरिन् । शान्तिपूर्ण प्रदर्शनमा गोली चलाएर एकैदिन ९० जना बढीको ज्यान लिइन् ।

अर्थात् शेख हसिनाको नियत राम्रो देखिएन । विपक्षीविहीन चुनाव लडेर अनन्तःसम्म शासनको चाहना राखिन् । फ्रिडम फाइटरका सन्तानलाई आरक्षण दिएर भोटबैंक सुरक्षित गर्न चाहिन् । नतिजा भने ठीक उल्टो आएको छ । फ्रिडम फाइटरका सन्तानहरूले आरक्षण कोटा नपाउने निश्चित भयो, तिनै स्वतन्त्रता आन्दोलनका नायककै छोरीले अपमानपूर्वक देश छोड्नु परेको छ । यो परिस्थिति सिर्जना दुखद् हो । देशको प्रधानमन्त्रीले पद त्याग्नुपर्ने अरू विधि आउनु पर्थ्यो, त्यो विधि लोकतान्त्रिक हुनुपर्थ्यो । तर निरंकुश शासनको चाहना राख्दा शेख हसिना आज संसारभर पराजित शासक भएर चिनिएकी छन् । यो दृष्य र निर्णय संसारभरका शासकहरूका निम्ति पाठ पनि हो । नेपालकै शासकहरूले पनि बंगलादेश घटना सम्झन आवश्यक छ ।

# संसदीय मर्यादाको कसीमा विद्युत महसुल विवाद

*राज्यका निकायलाई बलियो बनाउने दायित्व सरकारको हो । तर जनताको रगत र पसिनाबाट चल्ने संस्थालाई सबल बनाउनेभन्दा पनि कमजोर बनाउनेतर्फ सरकारका गतिविधि केन्द्रित हुनु विडम्बनापूर्ण छ ।*

अग्रलेख



● रमेश लम्साल

